



# त्यो उद्देश्य जसले हाम्रो सेवालाई परिवर्तन गर्नेछ।

*सेवा गर्ने धेरै उद्देश्यहरू हुँदाहुँदै पनि हाम्रो प्रयास गहिरो व्यक्तिगत परिवर्तन प्राप्त गर्न र मुक्तिदाता जस्तै बन्नका लागि सहयोग गर्ने कुरामा निर्देशित हुनुपर्छ।*

जब हामीले मुक्तिदाताले जस्तै अरूहरूलाई प्रेम गर्छौं, हामीले उहाँले जसरी नै तिनीहरूलाई सहयोग गर्न चाहन्छौँ। असल गोठालेका रुपमा अर्थपूर्ण सेवाका लागि उहाँ नै अन्तिम उदाहरण हुनुहुन्छ।

उहाँको प्रतिरुप अनुरुपमा नै हाम्रो सेवालाई ढाल्न प्रेम गर्ने, माथि उठाउने, सेवा गर्ने र आशीषित गर्ने उहाँको प्रयास तत्कालिन आवश्यकताहरूको परिपूर्ति गर्नुभन्दा पनि माथिको थियो। निश्चय नै उहाँले तिनीहरूका दैनिक आवश्यकताहरूलाई बुझ्नुभयो र तिनीहरूको हालको पीडामा उहाँको सहानुभूति थियो। त्यसैले उहाँले चङ्गाइ दिनुभयो, खुवाउनुभयो, क्षमा दिनुभयो र सिकाउनुभयो। तर उहाँ आजको तिर्खालाई पत्री मेटाउनु भन्दा पनि बढी गर्न चाहनुहुन्थ्यो। उहाँ वरिपरि भएकाहरूले उहाँलाई अनुशरण गरून् भन्ने उहाँ चाहना राख्नुहुन्थ्यो। (हेर्नुहोस् लूका १८:२२; यहून्ना २१:२२); उहाँलाई चिन्नुहोस् (हेर्नुहोस् यहून्ना १०:१४; सिद्धान्त र करार १३२:२२-२४) र तिनीहरूको दैवी सम्भाव्यतामा पुग्नुहोस् (हेर्नुहोस् मत्ती ५:४८) त्यही आज पनि सत्य छ (हेर्नुहोस् सिद्धान्त र करार ६७:१३)

हामीले अरूहरूलाई आशीषित गर्ने त्यहाँ असंख्य तरिकाहरू छन् तर अरूहरूलाई सहयोग गर्ने हाम्रो सेवा अन्तिम लक्ष्य तिनीहरूलाई मुक्तिदातामा आउने र उहाँ जस्तै बन्ने हो भने सबैले उहाँलाई चिनीसक्ने हुनालेन परमप्रभूलाई चिन्नका लागि हामीले हाम्रा छिमेकीहरूलाई सिकाइरहनुपर्ने जरुरी हुन्दैन। (हेर्नुहोस् यर्मिया ३१:३४)

**तत्कालिन आवश्यकताहरूमा भन्दा पनि पर मुक्तिदाताको जोड थियो।**

- पक्षघातबाट चङ्गाइ दिनका लागि तिनीहरूका साथीलाई येशूसामु ल्याउन धेरै व्यक्तिहरू धेरै तलसम्म पुगे। अन्त्यमा मुक्तिदाताले मानिसलाई चङ्गाइ दिनुभयो तर उहाँ तिनका पापहरूलाई क्षमा दिनमा बढी इच्छुक हुनुहुन्थ्यो (हेर्नुहोस् लूका ५:१८-२६)
- व्यभिचार गर्ने महिलालाई जब मानिसहरूले मुक्तिदातासामु ल्याए, तिनीहरूको तिरस्कारलाई रोक्ने उहाँको प्रयासका कारण भौतिक रुपमा तिनको जीवन बच्यो। तरपनि उहाँले "जाऊ र पाप नगर" भनेर तिनलाई आत्मिक रुपमा जोगाउन पनि चाहनुहुन्थ्यो (हेर्नुहोस् यहून्ना ८:२-११). ।
- मेरी र मार्थाले येशूलाई उहाँका मित्र लाजरस आएर चङ्गाइ दिन खबर पठाए। अनगिन्ती अवसरहरूमा अरूहरूलाई चङ्गाइ दिने येशूले लाजरसको मृत्यु नहुँदासम्म उहाँको आगमनलाई विलाम्वित गर्नुभयो। परिवारले के चाहन्छ भनेर येशूले बुझ्नुभयो तर लाजरसलाई मृत्युबाट उठाउन उहाँले आफ्नो दैवी चरित्रमा तिनीहरूको गवाही दह्रिलो पार्नुभयो। (हेर्नुहोस् यहून्ना ११:२१-२७)

यो सूचीमा तपाईंले अन्य कुन उदाहरणहरू थप गर्न सक्नुहुन्छ?

## हामीले के गर्न सक्छौँ ?

यदि हाम्रो उद्देश्य अरूहरूलाई मुक्तिदाता जस्तै बन्न सहयोग गर्ने हो भने हामीले कसरी सेवा गर्छौं भन्ने कुरालाई यसले परिवर्तन गर्नेछ। सेवा गर्ने हाम्रो प्रयासलाई निर्देशन गर्न सक्ने यो बुझाइका लागि यहाँ केही तरिकाहरू छन्।

### *विचार १: सेवालाई मुक्तिदातासँग जोढ्नुहोस्*

असल कुरा गर्ने हाम्रा सबै प्रयासहरू मुल्यवान छन् तर मुक्तिदातासँग जोडेर हामीले सेवाहररूलाई वृद्धि गर्ने अवसरहरू खोज्न सक्छौँ। उदाहरणका लागि तपाईंले सेवा गर्ने परिवार विरामी छ भने एक पटकको खाना उपयोगी हुन सक्छ तर तपाईंले सामान्य तरिकाले प्रेम प्रकट गर्दै गर्दा तिनीहरूका लागि मुक्तिदाताको प्रेम बारेको तपाईंको गवाहीद्वारा यसलाई धेरै गुणाको बनाउन सकिन्छ। यार्डको काममा तपाईंको सहयोग सह्रानीय हुनेछ तर पादरित्वको आशीष प्रदान गरिएमा सम्भवतया अझै बढी अर्थपूर्ण बनाउन सकिन्थ्यो।

ब्राह्र प्रेरित गणका सदस्य एल्डर निल एण्डर्सनले सिकाउनुभयो: "असल ह्रदयको एक व्यक्तिले कसैलाई टायर बनाउन, कोठामा सँगै बस्ने साथीलाई डाक्टरकोमा लैजान, दु:खी बनेको कसैसँग दिउसोको खाना खान वा दिनलाई उज्जल पार्नका लागि के छ खबर भन्न सक्छन्।

"तरपनि सेवाका यी महत्वपूर्ण कार्यहरूमा पहिलो आज्ञाको फूललाई स्वभाविक रुपमा थपिनेछ।"[1]

### *विचार २: करारको मार्गमा जोड दिनुहोस्।*

चर्चको अध्यक्षका रुपमा पहिलो पटक सदस्यहरूलाई सम्बोधन गर्दाको समयमा अध्यक्ष रसल एम नेल्सनले "करारको मार्गमा निरन्तर रहनुहोस्" भनेर भन्नुभयो। करारहरू गर्ने र पालना गर्ने गर्नाले हरेक आत्मिक आशीष र उपलब्ध सुअवसरका लागि ढोका खुला हुनेछ।[2]

पछिल्ला दिनका सन्तहरूका रुपमा हामीहरूले बप्तिष्मा, प्रमाणीकरण लिन्छौँ र पवित्र आत्माको वरदान प्राप्त गर्छौं। योग्य पुरुष सदस्यले पादरित्व प्राप्त गर्छन्। आफ्ना लागि आशीष लिन र परिवारका रुपमा सदाका लागि सँगै हुने गरी बाँधिन हामी मन्दिर जान्छौँ। रक्षा गर्ने यी विधिहरू र तिनीहरूसँग सम्वन्धित करारहरू उहाँ जस्तै बन्नका हाम्रा लागि आवश्यक छन्। ताकि हामी उहाँ सँगै बस्न सकौँ।

जब हामीले यो मार्गमा तिनीहरूलाई उनीहरूका करारहरूको पालना गर्न र भविष्यमा करारहरू गर्न तयारी गर्छौं यो अरूहरूलाई सहयोग गर्नका लागि हामीले महत्वपूर्ण भूमिका निर्वाह गर्ने तरिका बन्न सक्छ ।[3] तपाईंले सेवा गर्ने व्यक्ति वा परिवारहरूलाई तिनीहरूलाई आवश्यक पर्ने अर्को विधि प्राप्त गर्न तपाईंले कसरी सहयोग गर्न सक्नुहुन्छ? यसले अर्को करारको आशीषका बारेमा बताएर वा प्रभूभोज लिएर हाम्रा करारहरूको नवीकरण गर्दा प्राप्त हुने अर्थपूर्ण थप अनुभव प्राप्त गर्ने तरिकाहरू बाँढेर पितालाई उनकी छोरीलाई बप्तिष्मा दिन तयारी गर्न सहयोग गर्ने कुरालाई जनाउन सक्छ।

### *विचार ३: आमन्त्रण र प्रोत्सान गर्नुहोस्।*

उपयुक्त अवस्थामा तपाईंले हेरचाह गर्नेहरूसँग तिनीहरूको परिवर्तन र ख्रीष्ट जस्तै बन्ने उनीहरूको प्रयासका बारेमा छलफल गर्नुहोस्। तपाईंले देख्नुभाएको सवल पक्ष्यका बारेमा तिनीहरूलाई जानकारी दिनुहोस र तिनीहरूको प्रशंसा गर्नुहोस्। तिनीहरूले काहाँ सुधार गर्न सक्छन् भनेर पत्ता लगाउनुहोस् र तपाईंले कसरी सहयोग गर्न सक्नुहुन्छ भन्ने बारेमा कुराकानी गर्नुहोस्। (तपाईंले सेवा गर्नेहरूसँग सँगै छलफल गर्ने कुरामा थप जानकारी लिन “Counsel about Their Needs,” Liahona, सेप्टेम्वर २०१८,६-९ हेर्नुहोस्।

मुक्तिदातालाई अनुशरण गर्नका लागि तिनीहरूलाई आमन्त्रण गर्न नडराउनुहोस् र तिनीहरूको दैवी सम्भाव्यतामा पुग्न उहाँलाई सहोग गर्न अनुमति दिनुहोस्। संयुक्त रुपमा तिनीहरूमा तपाईंको दृढता र उहाँमा तपाईंको आस्था सहित अभिव्यक्त गरेमा यो जीवनलाई परिवर्तन गर्न सक्ने आमन्त्रण बन्न सक्छ।

## ख्रीष्टमा उन्नति गर्न अरूहरूलाई सहयोग गर्ने छ तरिकाहरू छन्।

जीवनमा सुधार गर्न र करारको मार्गमा प्रगति गर्न अरुहरूलाई सहयोग गर्न निम्न सुझावहरू छन्। (हेर्नुहोस् थप जानकारीका लागि Preach My Gospel अध्याय ११)

१. **बाँढ्नुहोस** असफलताका बावजुत पनि सुसमाचारका सिद्धान्तहरू अनुरुप जिएर उहाँको नजिक हुने तपाईंको प्रयासमा मुक्तिदाताले कसरी तपाईंलाई कसरी सहयोग गर्नुभयो भनेर विश्वसनीय र निर्भिक बन्नुहोस्।

२. **आशीषहरूको प्रतिज्ञा गर्ने** मानिसहरूलाई परिवर्तन हुन कारण आवश्यक छ जुन परिवर्तन नहुने कारण भन्दा अधिक आकर्षक छ। कुनै कार्यसँग सम्बन्धित आशीषहरूका बारेमा बताउँनाले मजबुत प्रेरणा प्रदान हुन सक्छ (हेर्नुहोस् सिद्धान्त र करार १३०:२०- २१।

३. **आमन्त्रण गर्नुहोस्।** सुसमाचारका सिद्धान्तअनुसार जिउनाले सत्यका बारेमा गवाही (हेर्नुहोस् यूहन्ना ७:१७) र गहन परिवर्तन ल्याउँछ।[4] लगभग हरेक वार्तालापमा तिनीहरूलाई उनीहरूको उन्नति गर्न सहयोग सक्ने कुनै चीज गर्नका लागि एक सामान्य नै भएपनि आमन्त्रण समावेश हुन्छ।

४. **सँगै योजना बनाउनुहोस्।** परिवर्तन हुने तिनीहरूको प्रतिवद्धतालाई सफलतापूर्वक पूरा गर्नका लागि तिनीहरूका लागि के हुनु जरुरी छ? तपाईंले कसरी सहयोग गर्न सक्नुहन्छ? के त्यहाँ समयसीमा छ ?

५. **समर्थन** सहयोगी हुँदा, व्यक्तिलाई उत्प्रेरित र सफल हुनका लागि सहयोग गर्न सक्ने मानिसहरूको सञ्जालको विकास गर्नुहोस्। हामी सबैलाई चियरलीडरको आवश्यकता छ।

६. **अनुगमन** नियमित रुपमा प्रगति बाँढ्नुहोस्। योजनामा केन्द्रित हुनुहोस् तर आवश्यक परेमा यसलाई परिष्कृत गर्नुहोस्। धैर्य, दृढ र प्रोत्साहन गर्ने खालको हुनुहोस्। परिवर्तनले समय लिन्छ।

## कार्य गर्नका लागि आमन्त्रण

उनीहरूको परिवर्तनलाई गहिरो बनाउने र मुक्तिदाता जस्तै बन्ने कुरामा अरूहरूलाई सहयोग गर्न सक्ने तपाईंका सेवाका ठूला र साना दुबै तरिकाहरूलाई ध्यान दिनुहोस्।

"सेवाका सिद्धान्तहरू" का लेखहरू भेटहरूमा सन्देशका रुपमा बाँढ्न नभई  एकअर्कालाई सेवा गर्न हामीलाईबब सहयोग गर्नका लागि अभिप्रेरित छन्।   जब हामीले आफुले सेवा गर्नेहरूलाई चिन्छौँ हाम्रो हेरचाह र करुणाका अलवा उहाँहरूलाई कुन सन्देशको आवश्यकता पर्न सक्छ भनेर जान्न पवित्र आत्माले हामीलाई प्रोत्साहन गर्छ।

**सूचीहरू**


१. निल एल एण्डर्सन “A Holier Approach to Ministering” (Brigham Young University devotional, अप्रिल १०, २०१८, ३ speeches.byu.edu.

२. रसल एम नेल्सन  “As We Go Forward Together,” Liahona, अप्रिल २०१८, ७

३. हेर्नुहोस् हेनरी बी आइरिङ “Daughters in the Covenant,” Liahona, मे २०१४, १२५-२८।

४. हेर्नुहोस् डेभिड ये बेडनार "Converted unto the Lord," Liahona नोभ २०१२,१०६-१०९।



© 2019 Intellectual Reserve, Inc.द्वारा   सर्वाधिकार सुरिक्षित    Printed in USA.   अङ्ग्रेजी अनुमोदन 6/18   अनुवाद अनुमोदन 6/18



*Ministering Principles, January 2019.* Language-Nepali. 15762 372 को अनुवाद